**प्रशासन** मंसिर २०८२, वर्ष ५७, अङ्क २, पूर्णाङ्क १४२, ४७-५९
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan. v57i2.91209
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# विद्यालय शिक्षामा वैदेशिक सहायताः ऐतिहासिक समीक्षा र वर्तमान अवस्था

**देवीराम आचार्य**[‡‡]

## लेखसार

पूर्वाधार निर्माण, विकास आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रको आन्तरिक स्रोत मात्र पर्याप्त नभएको अवस्थामा वैदेशिक सहायता लिने गरिन्छ। सामान्यतया धनी तथा विकसित देशहरूले अल्पविकसित र विकासोन्मुख देशहरूलाई उपलब्ध गराउने वित्तीय अनुदान, ऋण, वस्तुगत सहायता, प्राविधिक सहायता लगायतका विभिन्न सहयोगलाई वैदेशिक सहायताको रूपमा बुझिन्छ। औपचारिक रूपमा वि.सं. २०१३ देखि शिक्षा क्षेत्रमा वैदेशिक सहायता सुरु भएको देखिन्छ। नेपालको विद्यालय शिक्षामा वैदेशिक सहायताको ऐतिहासिक समीक्षा र वर्तमान अवस्थाका बारेमा साधारण वर्णनात्मक विश्लेषण गर्नु यस आलेखको उद्देश्य हो। विभिन्न दातृ निकायसँग सम्बन्धित परियोजनाका दस्तावेजहरूको अध्ययनका आधारमा यो लेख तयार गरिएको छ। लेखमा खासगरी विद्यालय शिक्षामा विभिन्न समयमा दातृ निकायबाट सञ्चालित परियोजना तथा कार्यक्रमगत सहयोगको विवरण प्रस्तुत गरिएको छ। औपचारिक अभिलेखमा सहजै प्राप्त नहुने तथा प्राविधिक सहायता र वस्तुगत सहायताका रूपमा उपलब्ध वैदेशिक सहायताको विवरण यसमा समावेश गरिएको छैन। नेपालको विद्यालय शिक्षाको विकासमा वैदेशिक सहयोगको योगदान उल्लेखनीय देखिए तापनि शिक्षाको गुणस्तरमा अपेक्षित सुधार हुन सकिरहेको छैन। सन् १९५० को दशकबाट सुरु भएको वैदेशिक सहायता 'सबैका लागि शिक्षा' अभियानपछि निकै बढेको र हाल क्रमशः घट्दै गएको अवस्था छ। पहुँच विस्तार र पूर्वाधार विकासमा वैदेशिक सहायताले मिश्रित योगदान गरे तापनि दिगोपनामा समस्या देखिएको छ। शिक्षा क्षेत्रमा विभिन्न

[‡‡] *उपसचिव (शिक्षा), नेपाल सरकार*
*इमेलः achdevi38@gmail.com*

विकास साझेदारमार्फत भइरहेको वैदेशिक सहायतालाई शैक्षिक प्राथमिकता र आवश्यकतामा आधारित बनाउनुका साथै दिगोपना र अपनत्व बढाउन जोड दिनुपर्ने देखिन्छ।

***शब्दकुञ्जी:*** विकास सहायता, शिक्षा विकास, विकास साझेदार, दिगोपना।

## पृष्ठभूमि

वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा लिने र यसलाई पारदर्शी बनाई राष्ट्रिय बजेटमा समाहित गर्ने नेपालको संविधानको धारा ५१ (घ) को उपधारा ११ मा उल्लेख भएबमोजिम वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गर्नु आवश्यक छ। हालै मात्र नेपाल सरकारले 'वैदेशिक सहायता परिचालन नीति, २०८२' स्वीकृत गरी संघीय संरचनाअनुरूप वैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नीतिगत प्राथमिकतासहित थप प्रस्ट पारेको छ (अर्थ मन्त्रालय, २०८२)। वैदेशिक सहायताको सन्दर्भमा विभिन्न दृष्टिकोणबाट व्याख्या विश्लेषण हुने गरेको भए तापनि कुनै न कुनै स्वार्थविना एक देश वा निकायले अर्को देशलाई सहयोग उपलब्ध गराउँदैन भनिन्छ। त्यस्तो स्वार्थ सधैँ सहायता लिनेका लागि नराम्रो नै हुन्छ भन्ने पनि हुँदैन। वैदेशिक सहायतालाई दान वा परोपकार (Charity) को रूपमा मात्र बुझ्नु हुँदैन र यो विकसित देशले विभिन्न स्वार्थका लागि मात्र गरेको लगानी हो भन्ने पनि होइन। कहिलेकाहीँ सहयोग दिनेको भन्दा लिने देशको पक्षमा बढी उपलब्धि हुन सक्छ। सहायता सधैँ नराम्रो नै हुन्छ भन्ने पनि हुँदैन, त्यसैले त्यसरी आउने सहायता कुन रूपमा र कस्ता सर्तहरूसँग जोडिएर आउँछ भन्ने कुरामा मात्र ध्यान दिनुपर्ने देखिन्छ। सन् १९७० को संयुक्त राष्ट्रसंघीय महासभा (UN General Assembly) ले विकसित देशहरूले आफ्नो कुल राष्ट्रिय उत्पादनको शून्य दशमलव सात प्रतिशत (०.७%) हिस्सा विकासोन्मुख देशका लागि छुट्याउनुपर्ने लक्ष्य निर्धारणसमेत गरेको थियो। यस अर्थमा नेपाल एक विकासोन्मुख देश भएकोले वैदेशिक सहायता प्राप्त हुनु स्वाभाविक भए तापनि वैदेशिक सहायताकै भरमा विकास र समृद्ध भएका देशहरू निकै कम छन्। वैदेशिक सहायता केवल थप सहयोग मात्र हो; यसलाई कसरी र कुन क्षेत्रमा परिचालन गर्ने र देशको विकासको लक्ष्य हासिल गर्ने भन्ने विषय सम्बन्धित देशले नै निर्धारण गर्नुपर्छ। सन् २००५ को पेरिस सम्मेलनले वैदेशिक सहायताको प्रभावकारिताका लागि पाँच सिद्धान्त (अपनत्व, संरेखण, अनुकूलन, नतिजामुखी व्यवस्थापन र साझा जवाफदेहिता) निर्धारण गरेको छ।

नेपालमा वैदेशिक सहायताको औपचारिक सुरुवातसँगै शिक्षामा पनि प्राविधिक सहायताको रूपमा विदेशी सहयोग सुरु भएको देखिन्छ। वि.सं. २००९ मा गठन भएको शिक्षा आयोगमा अमेरिकाको ओरेगन विश्वविद्यालयका तर्फबाट दुई जना अमेरिकी नागरिक प्राविधिक विज्ञको रूपमा संलग्न थिए। 'नेपालमा शिक्षा २०११' को प्रतिवेदन तयारी र कोलम्बो प्लानमार्फत शिक्षा क्षेत्रमा वैदेशिक सहायताको सुरुवात

भयो। यसपछि शिक्षामा विभिन्न देश तथा दातृ निकायको सहयोग निरन्तर भइरहेको छ। सहयोगका ढाँचाहरू परिवर्तन भइरहेका छन्। लामो समयसम्म परियोजनामार्फत भइरहेको सहयोग पद्धतिमा परिवर्तन भई 'सबैका लागि शिक्षा' कार्यक्रम (सन् २००४ देखि २००९) बाट क्षेत्रगत सहायता अवधारणा (SWAP) मार्फत वैदेशिक सहायता परिचालन भइरहेको छ। वैदेशिक सहायतामा पेरिस सम्झौताका सिद्धान्तहरूको आन्तरिकीकरण गर्ने प्रयासहरू भइरहेका छन्। सबैखाले वैदेशिक सहायतामा राष्ट्रिय प्राथमिकताको सामञ्जस्यता र पारस्परिक जवाफदेहिताका विषयहरूको सम्बोधन हुन नसकेको अवस्था छ। विभिन्न दातृ निकायले आफ्नो रुचिमा प्राविधिक सहायताको ठुलो रकम परिचालन गरिरहेको देखिन्छ।

अमेरिकी शिक्षाविज्ञ ह्युग बी. उड (सन् १९६५) ले उल्लेख गरेअनुसार राजा त्रिभुवनले सत्ता सम्हालेपछि वि.सं. २००७ मा भारत र अमेरिकासँग सहयोगका लागि अनुरोध गरेका थिए र सोही समयमा अमेरिकाले ३ करोड र भारतले २० करोड सहयोग उपलब्ध गराएका थिए। यसपश्चात् रुस, चीन, फोर्ड फाउन्डेसन लगायतबाट सहयोग आउन सुरु भयो र वि.सं. २०१५ देखि २०१८ को अवधिमा शिक्षामा यस्तो सहयोगको मात्रा ६ प्रतिशत रहेको थियो (उड, सन् १९६५)। वि.सं. २०१३ मा प्रौढ शिक्षा सञ्चालन गर्न र शिक्षक तालिमका लागि 'कलेज अफ एजुकेसनको स्थापना गर्न सुरु भएको अमेरिकी सहयोग शिक्षाका सबै क्षेत्र (शैक्षिक भवन निर्माण, शिक्षक तालिम, सामग्री विकास र छपाइ) मा परिचालित थियो। शिक्षामा अमेरिकी सहयोग सुरु भएको झन्डै ७० वर्षपछि हालै मात्र नेपालमा युएसएआईडी (USAID) मार्फत भइरहेको सहायता रोकिएको छ। वैदेशिक सहायताको सुरुवाती समयमा संयुक्त राष्ट्रसंघका निकाय (युनेस्को, युनिसेफ) मार्फत सहयोग बढी भएको देखिन्छ। वि.सं. २०३२ मा सुरु भएको 'एकीकृत पहाडी क्षेत्र विकास परियोजना' मा स्विजरल्याण्ड सरकारले सहयोग गरेको थियो र त्यसमा शिक्षाका विभिन्न क्रियाकलापहरू समावेश थिए। यस्तै बेलायती सरकारको सहयोगमा सञ्चालित 'कोशी विकास परियोजना' मा पनि शिक्षातर्फका कार्यक्रमहरू रहेका थिए (सिन्हा, २०६३)। यी परियोजनामा शिक्षाका लागि मात्र कति रकम थियो भन्ने तथ्यगत तथ्याङ्क उपलब्ध छैन। अमेरिकाको प्राविधिक सहायताबाट सुरु भएको वैदेशिक सहायता हाल विभिन्न देश, संयुक्त राष्ट्रसंघका विभिन्न निकाय र विश्व बैंक तथा एसियाली विकास बैंकसमेतको अनुदान, ऋण तथा वस्तुगत सहायताका विभिन्न स्वरूपमा प्रयोगमा छ। शिक्षाको विकास र विस्तारअन्तर्गत खासगरी विद्यालय भवन निर्माण, शिक्षक तालिम र प्राविधिक शिक्षालयको स्थापनाका कार्यहरूमा वैदेशिक सहयोगको प्रत्यक्ष प्रभाव देखिन्छ। गुणस्तर, पहुँच तथा शिक्षाको सान्दर्भिकताजस्ता विषयहरूमा वैदेशिक सहायताको प्रभावकारिताको सघन अध्ययन अनुसन्धानहरू खासै भएका छैनन् र भएका अध्ययनहरू पनि प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, व्यावसायिक शिक्षाजस्ता सीमित क्षेत्रमा मात्र केन्द्रित छन्। प्राविधिक शिक्षामा स्विजरल्याण्ड सरकारको लामो समयदेखि नै सहयोग रहेको छ भने विद्यालय भवन निर्माणमा जापान सरकारको सहयोग पनि उल्लेखनीय रहेको देखिन्छ। हालका दिनमा चीन सरकारले विद्यालय भवन

निर्माण गरिरहेको छ भने भारत सरकारले विद्यालय तथा क्याम्पसका भवन निर्माण र विद्यालय बसहरू वितरण गरिरहेको छ।

देशको समग्र अर्थतन्त्रको आकार, विकासका प्राथमिकता, खर्च गर्ने क्षमता र दर तथा पूर्वाधार विकासमा पर्याप्त लगानी आवश्यक पर्ने सन्दर्भमा शिक्षामा वैदेशिक सहायताको आवश्यकता रहेको देखिन्छ। यद्यपि, शिक्षामा वैदेशिक सहायताका प्राथमिकता प्राप्त क्षेत्रहरू अझै स्पष्टसँग निर्धारण गर्न सकिएको छैन। ठुला शैक्षिक पूर्वाधार निर्माणमा वैदेशिक सहायता परिचालन गरी क्षमता विकास तथा अन्य नियमित शैक्षिक क्रियाकलापमा वैदेशिक सहायतालाई निरुत्साहित गर्दै आन्तरिक स्रोतको उपयोगमा जोड दिनु आवश्यक छ।

## शिक्षामा वैदेशिक सहायताको ऐतिहासिक समीक्षा

वि.सं. २०३८ मा तत्कालीन सेती अञ्चलका पाँच जिल्लामा कार्यान्वयन भएको 'ग्रामीण विकासका निम्ति शिक्षा' (सेती परियोजना भनिने गरिएको) परियोजनाबाट शिक्षामा परियोजनामा आधारित र द्विपक्षीय तथा बहुपक्षीय लगानीको सुरुवात भएको देखिन्छ। यो परियोजना सुरु हुनुभन्दा अगाडि विकास सहायता उपलब्ध गराउने देश, संघसंस्था र निकायहरूले छुट्टाछुट्टै रूपमा र ससाना टुक्रे कार्यक्रममा सहयोग उपलब्ध गराउने गरेका थिए। अमेरिकी सरकारले सन् १९५२ मा United States Operation Mission (USOM) को कार्यालय नै स्थापना गरेको थियो। USOM मार्फत राष्ट्रिय शिक्षा पद्धतिको योजना सुरु हुनुपूर्व अमेरिकी सरकारको सहयोग उल्लेखनीय रहेको थियो। अमेरिकाले मुख्यतया 'कलेज अफ एजुकेसन' मा धेरै सहयोग गरेको थियो भने यसका साथै शैक्षिक सामग्री उत्पादन गर्न 'जनक शिक्षा सामग्री केन्द्र', शिक्षक तालिम, 'नर्मल स्कुल' र बहुउद्देश्यीय विद्यालयहरूको स्थापनामा पनि अनुदान दिएको थियो। शिक्षा इतिहासकार गोपीनाथ शर्माका अनुसार वि.सं. २०१४ तिर विद्यालय खोल्नका लागि USOM का तर्फबाट पहिलो वर्ष ३३, दोस्रो वर्ष ३० र तेस्रो वर्ष २० प्रतिशत खर्च व्यहोर्ने गरिन्थ्यो (शर्मा, २०७०: ८८)। विज्ञान विषयका शिक्षकलाई तालिम दिन र विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाका लागि वि.सं. २०२३ मा USAID (सन् १९६१ मा USOM बाट USAID मा परिवर्तन भएको) को सहयोगमा Science Teaching Enrichment Programme सञ्चालनमा थियो। यसैगरी वि.सं. २०२५ मा Programme for Revision and Improvement in Mathematics Education पनि USAID कै सहयोगमा सञ्चालन भयो। यी दुवै कार्यक्रममा नगद सहायता र प्राविधिक सहयोग दुवै समावेश थियो। यसैगरी अमेरिकाको ओरेगन विश्वविद्यालयमा अध्ययनका लागि पनि थुप्रै नेपालीहरूलाई पठाइएको थियो।

सन् १९८१ मा Agency for International Development मार्फत गरिएको U.S. Aid to Education in Nepal: A 20-Year Beginning नामको कार्यक्रम मूल्याङ्कन प्रतिवेदनले सन् १९५४ देखि १९७५

सम्मको कार्यक्रमको विवरण प्रस्तुत गरेको छ। यस मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएअनुसार उक्त समयमा अमेरिकी सहयोगमा प्राथमिक शिक्षा, शिक्षक तालिम, व्यावसायिक र माध्यमिक शिक्षा, पाठ्यक्रम र शैक्षिक सामग्री विकास तथा संस्थागत क्षमता विकासजस्ता कार्यक्रम सञ्चालन गरिएको र अमेरिकालगायत अन्य देशमा ३०० जना नेपालीलाई तालिम दिएको विषय समावेश छ। सन् १९५४ मार्चदेखि जुन १९७५ सम्म यी सबै क्रियाकलापमा १८,८०९,००० अमेरिकी डलर खर्च भएको थियो (पृष्ठ ९२)। उक्त समयमा अमेरिका सबैभन्दा धेरै सहयोग गर्ने दाता भएको र सोपश्चात् भारत रहेको समेत प्रतिवेदनमा उल्लेख गरिएको छ।

वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) कार्यान्वयन सुरु भयो। यसको कार्यान्वयनका लागि अमेरिकी सरकारले सहयोग गर्ने भन्ने भए तापनि के कति सहयोग भयो वा भएन भन्ने जानकारी प्राप्त गर्न सकिएन। सिन्हा (वि.सं. २०६३) ले उल्लेख गरेअनुसार ५० प्रतिशत नगद अनुदान तथा ५० प्रतिशत प्राविधिक सहयोगका रूपमा उपलब्ध गराउन अनुरोध गर्दा अमेरिकाको नीतिसँग मेल नखाएपछि सरकारले अमेरिकी सहयोग नै नलिने निर्णय गरेको थियो (पृष्ठ ३२१)। राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनसँगै र सोपश्चात् सन् ७० को दशकमा सुरु भएका एकीकृत ग्रामीण विकास परियोजनाहरू (२२ जिल्लामा ७ वटा थिए) मा पनि शिक्षा एउटा मुख्य क्षेत्रको रूपमा रहेको थियो। यी परियोजनामार्फत विद्यालय भवन निर्माण, शिक्षक तालिम र अनौपचारिक शिक्षाका क्रियाकलापहरू सञ्चालनमा थिए (पन्त, सन् १९८१)। यी परियोजनामार्फत शिक्षा क्षेत्रमा गरिएको लगानीको खण्डीकृत तथ्याङ्क उपलब्ध छैन। एकीकृत ग्रामीण विकास परियोजनाकै सिकाइका आधारमा 'ग्रामीण विकासका निम्ति शिक्षा' (सेती परियोजना) वि.सं. २०३८ बाट सुरु भएको थियो। यस परियोजनामा युनेस्को, युनिसेफ र युएनडिपीको सहयोग रहेको थियो। पाँच वर्षे अवधिका लागि सञ्चालित यस परियोजनामा शिक्षक तालिम, प्रौढ शिक्षा, स्रोत केन्द्र, शैक्षिक सामग्री, विद्यालयबाहिर रहेका बालबालिकाका लागि शिक्षा र चेलिबेटी कार्यक्रमलगायतका क्रियाकलापहरू सञ्चालन भएका थिए। यस परियोजनाको कार्यान्वयन अवधि सन् १९८५ मा सकिँदै गर्दा विश्व बैंकलगायतका अन्य दातृ निकायहरूबाट शिक्षाका अन्य परियोजनाहरू पनि सुरु भए। तलको तालिका १ मा शिक्षामा वैदेशिक सहायतामा सञ्चालित विभिन्न परियोजनाहरूको विवरण प्रस्तुत गरिएको छ :

***तालिका १:* वैदेशिक सहयोगमा सञ्चालित विभिन्न परियोजनाहरू**

| क्र.सं. | परियोजना | अवधि | दातृ निकायहरू | रकम युएसडी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्रामीण विकासका निम्ति शिक्षा परियोजना | सन् १९८१ देखि १९८५ | युनिसेफ, युनेस्को, युएनडिपी | २५,४६,००० | तत्कालीन सेती अञ्चलका ५ जिल्लामा लागू भएको। |

| क्र.सं. | परियोजना | अवधि | दातृ निकायहरू | रकम युएसडी | कैफियत |
|---|---|---|---|---|---|
| २ | रेडियो शिक्षा शिक्षक तालिम परियोजना | सन् १९७८ देखि १९९० | युएसएआइडी | ८.९ मिलियन | |
| ३ | प्राथमिक शिक्षा परियोजना | सन् १९८४ देखि १९९२ | विश्व बैङ्क, युनिसेफ | १६.६७ मिलियन | ६ जिल्लामा |
| ४ | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना | सन् १९९२ देखि १९९९ | विश्व बैङ्क, डेनिडा, युनिसेफ, जाइका, युएनडिपी | २६.१९ मिलियन | ४० जिल्ला |
| ५ | माध्यमिक शिक्षा विकास परियोजना | सन् १९९३ देखि १९९९ | एसियाली विकास बैङ्क | १५.८ मिलियन | |
| ६ | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो | सन् १९९९ देखि २००४ | डेनिडा, डिएफआइडी, नोराड, फिनिडा, युनिसेफ, इयु | १२५.६ मिलियन | सबै जिल्ला |
| ७ | प्राथमिक विद्यालय भौतिक सुविधा विस्तार | सन् २००३ देखि २००५ | जाइका | १८.८ मिलियन | ८ जिल्ला |
| ८ | माध्यमिक शिक्षा सहयोग कार्यक्रम | सन् २००३ देखि २००८ | एसियाली विकास बैङ्क, डानिडा | ७४.८ मिलियन | १० जिल्ला |
| ९ | सामुदायिक विद्यालय सहयोग कार्यक्रम | सन् २००३ देखि २००८ | विश्व बैङ्क | ५.१८ मिलियन | |
| १० | शिक्षक शिक्षा परियोजना | सन् २००३ देखि २००८ | एसियाली विकास बैङ्क | २५.९ मिलियन | |
| ११ | सबैका लागि शिक्षा कार्यक्रम | सन् २००४ देखि २००९ | डानिडा, डिएफआइडी, फिनल्याण्ड, नोराड, विश्व बैङ्क | १५८ मिलियन | |

| क्र.सं. | परियोजना | अवधि | दातृ निकायहरू | रकम युएसडी | कैफियत |
|---|---|---|---|---|---|
| १२ | सामुदायिक विद्यालय व्यवस्थापन सुधार परियोजना | सन् २००८ देखि २०११ | जाइका | ६ करोड ५५ लाख (नेरु) | |

*स्रोत : विश्व बैङ्क, एसियाली विकास बैङ्क, जाइका, युएसएआइडीका वेबसाइड।*

माथि उल्लेख गरिएका सबै परियोजनामा नेपाल सरकारको लगानी पनि संलग्न थियो। यसका अतिरिक्त अन्य थुप्रै परियोजनाहरू पनि शिक्षा क्षेत्रमा सञ्चालनमा रहे। नेपाल सरकारसँग द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गरी कार्यान्वयन गरिएका परियोजनाबाहेक गैरसरकारी संस्थाहरू (गैसस) बाट सञ्चालित परियोजनाको एकीकृत अभिलेख हाल उपलब्ध छैन। 'सबैका लागि शिक्षा' अभियानको कार्यान्वयनका क्रममा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (दोस्रो) र 'सबैका लागि शिक्षा कार्यक्रम' (सन् २००४ देखि २००९) सँगै कार्यान्वयनमा आएका थिए।

शिक्षामा गरिएको लगानीको धेरै अंश शिक्षक तालिम, कार्यशाला र शैक्षिक सामग्री विकासमा खर्च भएको छ, जुन दिगोपनाका दृष्टिले अपेक्षित रूपमा नतिजामुखी हुन सकेको पाइएन। पहुँच विस्तारका क्रममा विद्यालय सङ्ख्यामा भएको तीव्र वृद्धिसँगै विद्यालय भवन र कक्षाकोठा निर्माणमा वैदेशिक सहायताको ठूलो हिस्सा खर्च भयो। विद्यालयका ठुला भवन बनाउने क्रम भूकम्पपछि अझै बढ्यो र यसका लागि वैदेशिक ऋणसमेत लिइयो। प्रभावकारी नक्साङ्कन तथा जनसाङ्ख्यिक अध्ययन नगरी ग्रामीण क्षेत्रमा निर्माण गरिएका ठुला विद्यालय भवनहरू यतिबेला विद्यार्थी अभावका कारण प्रयोगविहीन हुँदै गएका छन्। यसले विकास निर्माणमा सामाजिक सन्दर्भको पर्याप्त अध्ययन नगरिएको सङ्केत गर्छ। पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधि पूर्वाधारको अवस्था अहिले पनि पर्याप्त छैन।

दातृ निकायको ऋण तथा अनुदानलाई सरकारकै प्राथमिकताका क्षेत्र र विषयगत क्षेत्रको समग्र नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने गरी 'सबैका लागि शिक्षा कार्यक्रम' देखि '**क्षेत्रगत सहायता पद्धति**' (Sector-Wide Approach - SWAP) सुरु गरिएको हो। यसैमार्फत विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) र विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) को कार्यान्वयन सम्पन्न भएको छ। हाल 'विद्यालय शिक्षा क्षेत्र योजना' (२०७९-२०८८) कार्यान्वयनमा छ। क्षेत्रगत सहायता पद्धतिको कार्यान्वयनलाई प्रभावकारी बनाउन संयुक्त वित्तीय सम्झौता (Joint Financing Agreement), साझा कार्ययोजना र संयुक्त आचारसंहिताहरू तयार गर्ने गरिन्छ। विभिन्न दातृ निकायहरूले संयुक्त वित्तीय सम्झौतामा हस्ताक्षर गरी संयुक्त वित्तीय साझेदारका रूपमा तथा कतिपयले एकल रूपमा द्विपक्षीय सम्झौता गरी शिक्षा क्षेत्रको योजनाको विकास साझेदारका रूपमा सहयोग गर्ने गरेका छन्।

क्षेत्रगत सहायता पद्धतिअन्तर्गत सञ्चालन भएका विद्यालय क्षेत्र सुधार योजना र विद्यालय क्षेत्र विकास कार्यक्रममा वैदेशिक सहायता तथा दातृ निकायको सहयोगको हिस्सा तलको तालिका २ मा प्रस्तुत गरिएको छः

***तालिका २:*** **विकास साझेदारको बजेट हिस्सा (अमेरिकी डलर)**

| योजना | नेपाल सरकारको हिस्सा | विकास साझेदारको हिस्सा | विकास साझेदार (पुलिङ) |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना (२०६६ देखि २०७२) | २,००२ मिलियन | ६२४ मिलियन | एसियाली विकास वैङ्क, अष्ट्रेलियन एड, डेनमार्क, युरोपेली संघ, डिएफआइडी, फिनल्याण्ड, नर्वे, युनिसेफ, विश्व वैङ्क |
| विद्यालय क्षेत्र विकास योजना (२०७३ देखि २०७९) | ५७३९ मिलियन | ४२९ मिलियन | विश्व वैङ्क, एसियाली विकास वैङ्क, इयु, फिनल्याण्ड, जिपिइ, नर्वे, युनिसेफ, जाइका, डिएफआइडि र अष्ट्रेलियन एड। |

*स्रोत : विद्यालय क्षेत्र सुधार योजना र विद्यालय क्षेत्र विकास योजना, शिक्षा मन्त्रालय।*

यी योजनाको कार्यान्वयनका लागि नन-पुलिङ (Non-pooling) साझेदारका रूपमा विद्यालय क्षेत्र सुधार योजनामा विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्र जनसङ्ख्या कोष, युएनडिपी, युएसएआईडी र विद्यालय क्षेत्र विकास योजनामा युनिसेफ, विश्व खाद्य कार्यक्रम, जाइका तथा युएसएआईडी रहेका थिए। एउटै दातृ निकाय पुलिङ साझेदार र नन-पुलिङ दुवैतर्फ पनि संलग्न हुन सक्छ र सोही विकास साझेदारले प्राविधिक सहायता पनि उपलब्ध गराएको हुन्छ। उदाहरणका लागि, एसियाली विकास बैंकले पुलिङ साझेदारका रूपमा हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्र योजनामा २०० मिलियन अमेरिकी डलर सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ भने सोही योजनाको कार्यान्वयनमा सहयोग पुग्ने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रमा प्राविधिक सहायता र केन्द्रीय आयोजना कार्यान्वयन एकाइमार्फत विद्यालय पुनर्निर्माण परियोजनामा पनि सहायता उपलब्ध गराएको छ।

## वर्तमान अवस्था

हाल विद्यालय शिक्षामा कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना 'क्षेत्रगत सहायता अवधारणा' (Sector Wide Approach) मार्फत आठवटा संयुक्त वित्तीय साझेदारसँगको सहकार्यमा सञ्चालनमा छ।

योजनाका लागि अनुमानित कुल ८४६ अर्बमध्ये नेपाल सरकार र विकास सहायताको औसत हिस्सा क्रमशः ९०.२ र ९.८ प्रतिशत रहेको छ। संयुक्त वित्तीय प्रबन्धमार्फत योजनाको कार्यान्वयनका लागि सहायता उपलब्ध गराउने विकास साझेदारको विवरण तालिका ३ मा दिइएको छः

***तालिका ३:* विद्यालय शिक्षा क्षेत्र योजनाका विकास साझेदार र सहयोग रकम**

| क्र.सं. | विकास साझेदार | सहयोग रकम (मिलियन) | वित्तीय प्रबन्ध |
|---|---|---|---|
| १ | एसियाली विकास बैङ्क | युएसडी २०० | नतिजामा आधारित |
| २ | युरोपियन युनियन | इयुआर ४० | कार्यक्रम र नतिजा दुवै |
| ३ | फिनल्याण्ड | इयुआर १९ | कार्यक्रम र नतिजा दुवै |
| ४ | जिपिइ | युएसडी २० | नतिजामा आधारित |
| ५ | विश्व बैङ्क | युएसडी १०० | नतिजामा आधारित |
| ६ | नर्वे | एनओके १९५ | कार्यक्रममा आधारित |
| ७ | युनिसेफ | युएसडी २.५ | कार्यक्रममा आधारित |
| ८ | युएसएआइडी (हाल रोकिएको) | युएसडी १७ | नतिजामा आधारित |
| ९ | एफसिडिओ | युएसडी १ मिलियन। | |

*स्रोत : विद्यालय क्षेत्र विकास योजना*

यसका अतिरिक्त विश्व खाद्य कार्यक्रमले सुदूरपश्चिमका ३ जिल्लामा दिवा खाजामा वस्तुगत सहायता उपलब्ध गराइरहेको छ। जापान सरकारले जाइकामार्फत सात प्रदेशका सात जिल्लामा 'आधारभूत शिक्षा सुधार परियोजना' सञ्चालन गरिरहेको छ। युनिसेफले 'सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम' मा बजेट प्रणालीबाटै अनुदान उपलब्ध गराएको छ। एसियाली विकास बैंकले 'विद्यालय पुनर्निर्माण परियोजना' मार्फत भूकम्प प्रभावित जिल्लाका विद्यालय भवन निर्माणमा सहायता उपलब्ध गराएको छ। फिनल्याण्ड र इयु (EU) को संयुक्त प्राविधिक सहायताअन्तर्गत शिक्षक शिक्षासँग सम्बन्धित प्राविधिक सहायता परियोजना सञ्चालनमा छ। मधेश, कर्णाली र सुदूरपश्चिमका ८ जिल्लामा सञ्चालित यस परियोजनामा इयु र फिनल्याण्डको १० मिलियन युरो लगानी रहेको छ।

संयुक्त वित्तीय प्रबन्ध बमोजिम नेपाल सरकारको बजेटमार्फत उपलब्ध हुने सहयोग वार्षिक रूपमा प्रतिबद्धताअनुसार नै शोधभर्ना लिने गरिन्छ। यसका लागि शोधभर्नामा आधारित सूचकहरू (Disbursement Linked Indicators - DLIs) निश्चित गरिएको हुन्छ र ती नतिजाहरू हासिल भएको सुनिश्चितता भएपश्चात् मात्र शोधभर्ना उपलब्ध हुन्छ। कार्यक्रममा आधारित भएर शोधभर्ना दिने विकास साझेदारहरूमा फिनल्याण्ड, नर्वे र युरोपियन युनियन रहेका छन्। यसैगरी विभिन्न विकास साझेदारहरूले

प्राविधिक सहायता पनि उपलब्ध गराएका छन्। प्राविधिक सहायताको विवरण हरेक वर्ष अर्थ मन्त्रालयले सार्वजनिक गर्ने गर्छ।

संयुक्त वित्तीय सम्झौताअनुसार 'विद्यालय शिक्षा क्षेत्र योजना' मा युएसएआईडीको १७ मिलियन अमेरिकी डलरको प्रतिबद्धता रहेको थियो। योजना कार्यान्वयनको तेस्रो वर्षमा आइपुग्दा यो सहयोग हाल रोकिएको छ। युएसएआईडीमार्फत नै सन् २०१४ देखि २०१९ सम्म सञ्चालित 'प्रारम्भिक कक्षा पढाइ कार्यक्रम' मा ६० मिलियन अमेरिकी डलर खर्च भएको थियो। सो कार्यक्रमबाट प्रारम्भिक कक्षाका विद्यार्थीको पढाइ सिप सुधार गर्ने लक्ष्य राखिए तापनि लगानीअनुसारको प्रतिफल प्राप्त हुन सकेन। परियोजनाले कक्षा ३ मा नेपालीका पाठ पढ्न नसक्ने विद्यार्थीको अनुपातमा १३ प्रतिशतले सुधार ल्याएको थियो, जसलाई लगानीका दृष्टिले धेरै राम्रो मान्न सकिन्न। सोही परियोजनाको निरन्तरताका रूपमा ४८ जिल्लामा सञ्चालित 'प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम' को ४० मिलियन, मधेश र कर्णाली प्रदेशमा सञ्चालित 'शिक्षामा समता र समावेशीकरण कार्यक्रम' को २० मिलियन र भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिमका विद्यालय भवन पुनर्निर्माणको ५ मिलियन गरी कुल ६५ मिलियन अमेरिकी डलर बराबरको सहायता कटौती भएको छ। अमेरिकी सरकारले लिएको सहायता कटौतीको नीतिले हाम्रो जस्तो विकासोन्मुख र मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने तयारीमा रहेको देशका लागि विकास सहायताको सम्बन्धमा नयाँ ढाँचा र शिक्षामा नवप्रवर्तनमुखी वित्तीय प्रबन्ध गर्ने अवसर प्राप्त भएको छ। लगानीका प्राथमिकता, नतिजाउन्मुख लगानी र लगानीका वैकल्पिक विधिहरूको खोजी गर्दै नवप्रवर्तनात्मक वित्त व्यवस्थापनलाई अवलम्बन गर्नु पनि जरुरी छ।

## समस्या

नेपालले शिक्षा क्षेत्रमा औपचारिक तवरबाटै विकास सहायता लिन थालेको करिब ७० वर्ष पुगेको छ। अति कम विकसित मुलुकबाट स्तरोन्नति भएसँगै विकास सहायताको अंश नै घट्ने र त्यसमा पनि अनुदान अझै घटेर ऋणको मात्रा बढ्ने अवस्था छ। कुनै समयमा तीस प्रतिशतभन्दा माथि पुगेको शिक्षामा विकास सहायताको (ऋण र अनुदान) हिस्सा हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजनामा जम्मा ९.८ प्रतिशत मात्र छ। यो अनुपात क्रमशः घट्दै आएको छ। यस सन्दर्भमा शिक्षामा वैदेशिक सहायता प्राप्ति, परिचालन र व्यवस्थापनका समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

(क) क्षेत्रगत सहायता अवधारणाबाट लिइएको विकास सहायता समग्र बजेटको अभाव परिपूर्ति गर्न र नियमित क्रियाकलाप सञ्चालन गर्न सहयोगी देखिए तापनि प्राथमिकताका क्षेत्रमा पुग्न नसक्दा विकास सहायता नतिजामुखी र प्रभावकारी हुन नसकेको।

(ख) विकास साझेदारहरूले शोधभर्नाका लागि निर्धारण गरेका नतिजा सूचकहरूको रिपोर्टिङ नभएको र प्रतिवेदन तयार गर्ने कार्यमा समस्या सिर्जना भई प्रतिबद्धता बमोजिमको रकम शोधभर्ना लिन नसकिएको।

(ग) संविधानको व्यवस्थाअनुरूप संघीय सरकारले वैदेशिक सहायता परिचालन गर्ने भएकाले स्थानीय तहहरूमा यससँग सम्बन्धित क्रियाकलापमा अपनत्वको अभाव हुन गई समयमा प्रतिवेदन प्राप्त नभएको र कार्यान्वयन पनि प्रभावकारी हुन नसकेको।

(घ) समयमै विभिन्न प्रतिवेदन तयारी गरी शोधभर्ना लिने कार्य प्रभावकारी नभएको तथा कतिपय नतिजा सूचकहरू प्रगतिको परिमाणमा आधारित भएर शोधभर्ना दिने गरी निर्धारण गरिएकाले प्रतिबद्धताअनुसारको रकम शोधभर्ना लिन नसकिएको। उदाहरणका लागि, १०० पालिकामा गर्ने भनिएको कुनै कार्यक्रम ९९ पालिकामा मात्र भयो भने ९९ प्रतिशत मात्र रकम शोधभर्ना हुन्छ।

(ङ) विभिन्न तहका सरकार र अन्तरमन्त्रालय अपनत्व, समन्वय तथा अभिलेखीकरण समेत प्रभावकारी हुन नसकेको।

(च) शोधभर्नाको रकम माग गर्ने र त्यो प्राप्त भए वा नभएको सम्बन्धमा प्रभावकारी अभिलेखीकरण, अनुगमन, नियमन तथा अन्तरमन्त्रालय र निकायबीच सञ्चार नहुँदा सरकारको नगद प्रवाह प्रभावकारी हुन नसकेको।

(छ) विकास साझेदारका प्राथमिकता र राष्ट्रिय प्राथमिकताबीच तादात्म्य कायम हुन नसक्दा नतिजा र दिगोपनामा समस्या भएको।

(ज) वैदेशिक सहायता परिचालनका लागि संस्थागत तथा प्राविधिक क्षमता कमजोर भएका कारण प्रतिवेदनहरुकै तयारीका लागि अर्को परामर्श सेवा लिनुपर्ने अवस्था समेत देखिएको।

(झ) वैदेशिक सहायताका विषयमा विभिन्न सरोकारवालाहरूबीच समान धारणा नभएको र विकास साझेदारका क्रियाकलापप्रति नकारात्मक टीकाटिप्पणी हुने गरेको।

(ञ) विकास साझेदारहरूसँग ऋण तथा अनुदान लिने क्रममा हुने आपसी छलफल तथा वहसमा आफ्ना प्राथमिकता स्पष्ट पार्न र प्रभावकारी वार्ता हुन नसक्दा प्राथमिकता र आवश्यकताअनुसारको क्षेत्रमा सहायता परिचालन गर्न नसकिएको।

## सुधार र प्राथमिकताका क्षेत्रहरू

विकास सहायता परिचालनका विभिन्न ढाँचाहरू अभ्यासमा छन्। विकास सहायताका प्राथमिकता प्रष्ट नहुँदा कुनै खास तोकिएको र ठुलो मात्रामा बजेट आवश्यक पर्ने कार्यक्रममा मात्र नभई साधारण शिक्षक तालिम सञ्चालन गर्नदेखि प्रारम्भिक कक्षाको पढाइ सिप सुधारका लागि अभिभावक भेला र समुदाय परिचालन गर्नेजस्ता साधारण क्रियाकलापमा समेत वैदेशिक सहायता परिचालन भएको अवस्था छ। भूकम्पपश्चात् सामाजिक, आर्थिक र जनसाङ्ख्यिक पक्षको अध्ययन नगरी ठुला-ठुला विद्यालय भवनहरू निर्माण गरियो, तर ती ठुला भवन भएका विद्यालयमा विद्यार्थी सङ्ख्या क्रमशः घटिरहेको छ। करिब ६० मिलियन डलरको अनुदानमा सञ्चालन भएर सन् २०२० मा सकिएको 'प्रारम्भिक कक्षा पढाइ कार्यक्रम' को प्रतिफल दिगो हुन सकेन।

शिक्षा क्षेत्रको सहायतालाई पूर्वाधार विकास (पुस्तकालय, प्रयोगशाला, प्रविधि पूर्वाधार) मा केन्द्रित गरी नियमित बजेटबाट शिक्षक तालिम र क्षमता विकासका कार्यहरू गर्नु आवश्यक देखिन्छ। विकास साझेदारका प्रस्तावहरूमा गहन छलफल र बहस हुन जरुरी छ। उनीहरूलाई हाम्रा प्राथमिकताका बारेमा प्रष्टसँग बुझाउन पनि आवश्यक देखिन्छ। हाल विश्व बैंकको ऋणमा सञ्चालित उच्च शिक्षाको परियोजना होस् वा स्विजरल्याण्ड सरकारको प्राविधिक तथा व्यावसायिक शिक्षाका परियोजना, यिनको प्रगति एकदमै निराशाजनक रहेको छ। अन्तरसरकार समन्वय प्रभावकारी नहुँदा कार्यान्वयनमा कठिनाइ सिर्जना भएको छ।

विकास सहायताको परिचालनमा जवाफदेहिताको पद्धतिलाई पुनर्संरचना वा पुनर्परिभाषित गर्नुपर्ने देखिन्छ। विकास साझेदारको प्राविधिक सहायता विदेशी विज्ञ र परामर्श सेवामा बढी केन्द्रित हुने भएकाले नेपालमा दक्ष जनशक्ति नभएको क्षेत्रमा मात्र विदेशी विज्ञलाई स्वीकार गर्ने गरी सुधार हुनु जरुरी छ। विकास सहायता परिचालन र दिगोपनाका लागि संस्थागत क्षमता विकासलाई पनि प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। एक्काइसौं शताब्दीका लागि आवश्यक जनशक्ति निर्माण र विश्वव्यापी रूपमा प्रतिस्पर्धी नागरिक उत्पादनका लागि शैक्षिक पूर्वाधार केन्द्रित, नतिजामा आधारित र दिगो विकासमा केन्द्रित सहायता नै अबको प्राथमिकता हुनुपर्छ।

## निष्कर्ष

शिक्षामा वैदेशिक लगानी ऋण, अनुदान, वस्तुगत सहायता, 'टर्न की' परियोजना, बजेट सहायता र प्राविधिक सहायता लगायतका विभिन्न स्वरूपमा हुँदै आएको छ। सन् १९९० को दशकबाट सुरु भएको 'सबैका लागि शिक्षा' अभियानसँगै वैदेशिक सहायताका परियोजना र सहयोगको मात्रा बढेको थियो। विकास साझेदारका आफ्नै प्राथमिकता र परामर्शदाताबाट तयार पारिने सहायताका परियोजना

प्रस्तावहरूमा नेपाल सरकारका तर्फबाट हुने द्विपक्षीय तथा बहुपक्षीय वार्ताहरूमा पर्याप्त तयारी नहुँदा, हाम्रो आवश्यकता र प्राथमिकतामा विकास सहायता परिचालन हुन नसकेको सन्दर्भलाई विशेष ध्यान दिनु आवश्यक छ। विकास सहायता व्यवस्थापन प्रणाली (Foreign Aid Management Information System) को विकास र प्रभावकारी सञ्चालनमार्फत सबैखाले सहायताहरूलाई एकीकृत गर्ने र सरकारका प्राथमिकताका क्षेत्रमा मात्र परिचालन गर्ने व्यवस्था गर्न सकियो भने विकास सहायताको सान्दर्भिकता, प्रभावकारिता र दिगोपना कायम गर्न सकिन्छ।

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय. (२०८२). *वैदेशिक सहायता परिचालन नीति, २०८२*. नेपाल सरकार।

शिक्षा मन्त्रालय. (२०६६). *विद्यालय क्षेत्र सुधार योजना २०६६– २०७२*. नेपाल सरकार।

शिक्षा मन्त्रालय. (२०७२). *विद्यालय क्षेत्र विकास योजना २०७३– २०७९*. नेपाल सरकार।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय. (२०८०). *विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८*. नेपाल सरकार।

नेपाल कानुन किताब व्यवस्था समिति. (२०७२). *नेपालको संविधान*. नेपाल सरकार।

शर्मा, गोपीनाथ. (२०७०). *शिक्षामा देखे सुने र भोगेका कुरा*. मकालु प्रकाशन गृह।

सिन्हा, रामस्वरुप. (२०६३). *एक्काइसौँ शताब्दीको शैक्षिक दूरदृष्टि*. काभ्रे अफसेट प्रेस।

Asian Development Bank. (n.d.). *Documents and reports*. https://www.adb.org/projects/documents

ERIC. (n.d.). *Education resources information center*. https://www.eric.ed.gov

Pant, D. (1981). Integrated rural development projects in Nepal: An appraisal. *PRASHASAN, 13*(1).

Wood, H. B. (1965). *The development of education in Nepal*. U.S. Department of Health, Education and Welfare, Office of Education.

World Bank. (n.d.). *World Bank documents & reports*. https://documents.worldbank.org/en/publication/documents-reports.